१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २१६ ॥ २०८२ असोज ०३ गते शुक्रबार (19th Sep 2025 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

# संविधान दिवस: सामान्य, उत्सव, कालो दिन


झापा(प्रस) । सरकारले संविधान दिवस सामान्य रुपमा मनाउने भएको छ । गृह मन्त्रालयका उपसचिव रवीन्द्र आचार्यले संविधान दिवस सामान्य रुपमा बनाउने तयारी रहेको जानकारी दिए ।

२०७२ साल असोज ३ गते संविधान जारी भएको थियो । संविधान सभाबाट बनेको संविधान जारी भएको दिनलाई सरकारले उत्सवको रुपमा मनाउँदै आएको छ ।

विगतका वर्षहरूमा गृहमन्त्रालयले संविधान दिवससम्बन्धी सूचना नै निकाल्ने गर्दथ्यो । संविधान दिवस मूल समारोह समिति गठन भएर दिवसको तयारी हुन्थ्यो ।

संविधान दिवस मूल समारोह समितिले सैनिक मञ्चमा कार्यक्रम नै राखेर अध्यक्ष संवैधानिक निकायका पदाधिकारीहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, नेपाल सरकारका निजामती, प्रहरी लगायतलाई निम्ता गर्दथ्यो । गृहमन्त्रालयका उपसचिव आचार्यले संविधान दिवस सामान्य रुपमा मनाउने तयारी रहेको जानकारी दिएका हुन् ।

तर ,जेनजी युवा आन्दोलनपछि रक्षात्मक अवस्थामा पुगेका पुराना राजनीतिक दलहरुले आ-आफ्नो तरिकाले संविधान दिवस मनाउने तयारी गरेका छन् । उनीहरुले संविधान रक्षाका लागि खबरदारीसहित दिवस मनाउने तयारी गरेका छन् ।




जेनजी युवा आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन भएपछि लोकतान्त्रिक गणतन्त्रमाथि आक्रमण हुनसक्नेमा दलहरु सशंकित छन् । त्यसैले उनीहरुले संविधान रक्षालाई नै केन्द्रमा राखेर दिवस मनाउने जनाएका छन् ।

नेपाली कांग्रेसले ७७ वटै जिल्लामा शान्तिपूर्ण तरिकाले संविधान हातमा लिएर संविधान दिवस मनाउन सर्कुलर गरिसकेको जनाएको छ ।

बुधबार केन्द्रीय कार्यालयमा नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले भनेका थिए, 'संयमतापूर्वक, दृढतापूर्वक संविधानको रक्षा गर्ने जिम्मेवारीलाई शीरमा राखेर संविधान दिवस मनाउने निर्णय भएको छ ।'

यसैगरी नेकपा एमालेले काठमाडौंको हकमा जेनजी आन्दोलनको क्रममा आगजनी भएको पार्टी केन्द्रीय कार्यालय परिसरमा संविधान दिवस मनाउने तयारी गरेको छ । महासचिव शंकर पोखरेलले संविधान दिवस मनाउन आह्वान गर्दै पठाएको सर्कुलरमा आन्दोलनका नाममा संवैधानिक व्यवस्थालाई कमजोर बनाउन सुनियोजित षड्यन्त्र भइरहेको उल्लेख छ । त्यसैले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि संविधान दिवसको कार्यक्रम आयोजना गर्न भनिएको छ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले केन्द्रको हकमा च्यासलस्थित पार्टी कार्यालयमा र राजधानी बाहिर ७७ वटै जिल्लामा संविधान तथा लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि वृहत कार्यक्रम आयोजना गरेर दिवस मनाइने बताए ।

नेकपा माओवादी केन्द्रले पनि जेनजी आन्दोलनमा आगजनी भएको पार्टी केन्द्रीय कार्यालय परिसरमै कार्यक्रम आयोजना गरेर संविधान दिवस मनाउने जनाएको छ ।

संविधानमाथि खतरा पैदा भएको भन्दै हालसम्मको राजनीतिक उपलब्धि रक्षाका लागि खबरदारीसहित संविधान दिवस मनाउने जनाएको छ ।

नेकपा माओवादी केन्द्र केन्द्रीय कार्यालयका सचिव गणेशमान पुनले संविधान र व्यवस्थाको रक्षाका लागि आह्वान गर्दै दिवस मनाउने जानकारी दिए । उनले शहीदहरुको सम्झनामा दीप प्रज्वलन लगायतका कार्यक्रम पनि आयोजना गरिएको बताए ।

नेकपा माओवादी केन्द्रको युवा संगठन वाईसीएलका अध्यक्ष पुष्प ओलीले बदलिँदो परिस्थिति अनुसार संविधान र व्यवस्थाको रक्षाका लागि खबरदारी गर्दै दिवस मनाउने तयारी गरिएको बताए ।

'ठूलो बलिदानबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्नुपर्ने दायित्व छ, व्यवस्था बचाउनुपर्ने छ,' वाईसीएल अध्यक्ष ओलीले भने, 'त्यसैले आन्दोलनको नाममा हुने अराजकताको विरोध गर्दै, संविधानलाई जोगाउँदै युवा आन्दोलनको मूल मर्मलाई सम्बोधन गर्न आह्वान गर्दै दिवस मनाउने तयारी गरेका छौं ।'

नेपालको संविधान घोषणा भएको एक दशक पुगेको अवसरमा यस वर्ष भव्यताका साथ उत्सव मनाउने तयारीसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ मूल समारोह समिति गठन गरिएको थियो । तर ७४ जनाको ज्यान जाने गरी जेनजी युवा आन्दोलनले राजनीतिक उथलउपुथलपछि सामान्य कार्यक्रम गरेर दिवस मनाउने तयारी गरिएको छ ।

'अघिल्ला वर्ष जस्तै यस वर्ष पनि संविधान दिवसको अवसरमा टुँडिखेलस्थित सैनिक मञ्चमा कार्यक्रम आयोजना हुनेछ । तर विगतको जस्तो तामझाम नगरी सामान्य तरिकाले दिवस मनाउने तयारी गरिएको छ,' गृह मन्त्रालयका एक अधिकारीले भने ।

राष्ट्रपति रामचन्द्र पौडेलले पनि यही असोज ३ गते शुक्रबार अपराह्न साढे ३ बजे शीतल निवासमा कार्यक्रम आयोजना गरेर दिवस मनाउने उनको सचिवालयले जनाएको छ ।

उता राष्ट्रिय मुक्ति पार्टी नेपालले असोज ३ गतेलाई कालो दिवसको रूपमा मनाउने निर्णय गरेको छ । सो पार्टीको कार्यकारिणी समितिको भर्चुअल बैठकले असोज ३ गते मनाइने संविधान दिवसलाई कालो दिनको रूपमा मनाउने निर्णय गरेको पार्टी अध्यक्ष राजेन्द्र महतोले बताएका छन् । त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालले असोज ३ गते कालो दिवस मनाउने निर्णय गरेको छ । पार्टी कार्यालयमा बसेको सो पार्टीको पदाधिकारी तथा अन्य भ्रातृसंगठनका पदाधिकारीको बैठकले उक्त निर्णय गरेको हो ।

## जेनजीको माग संवोधन गर्न संविधान संशोधन

झापा(प्रस) ।'आफू अनुकूल' संविधान बनाएर पुराना दलहरुले विगत दश वर्षदेखि राज गर्दै आएकोमा जेनजीको आन्दोलनपछि संविधान संशोधनको माग अझ टड्कारो रुपमा उठेको छ ।संविधान संशोधनको एजेण्डालाई सत्ताको 'सौदा' बनाएर कांग्रेस-एमाले गठबन्धनले एक वर्षभन्दा बढी अवधि सरकार चलाएपनि संविधान संशोधनको मुद्दामा रुचि नै देखाएनन् । संविधान संशोधनमा ओली सरकार 'निकम्मा' देखियो ।




जेनजी आन्दोलनका मागहरूमध्ये एउटा माग छ- 'देशको कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचित व्यक्तिलाई बनाउने ।' आन्दोलनले यस्तो कार्यकारी प्रधानमन्त्री खोजेको हो कि राष्ट्रपति भन्ने खुलेको छैन । २०७२ सालमा जारी भएको नेपालको संविधानअनुसार कार्यकारी अधिकार संसद्बाट निर्वाचित प्रधानमन्त्रीले प्रयोग गर्छन् । 'जेनजी' आन्दोलनको भावना यसलाई बदलेर जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख बनाउने भन्ने छ ।

तर, यो काम गर्न पहिला संविधान संशोधन गर्नुपर्छ। अहिले प्रतिनिधिसभा विघटन भएर निर्वाचनको मिति घोषणा भइसकेकाले निर्वाचनअघि संविधान संशोधन गर्न कानुनी र राजनीतिक रूपमा असम्भव छ ।

'जेनजी' भावना समेटेर जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री बनाउनका लागि मध्यावधिमार्फत निर्वाचन जितेर आएका जनप्रतिनिधिले संविधान संशोधन गर्नुपर्छ । नेपालको संविधानको धारा २७४ ले 'नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहीत सार्वभौमसत्ताको प्रतिकूल हुनेगरी'बाहेक संविधान संशोधनको विकल्प खुला राखेको छ ।

तर, संविधान संशोधन गर्न राष्ट्रिय सभा र प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले मात्र सक्ने व्यवस्था छ ।

'प्रदेशसभाको सहमति आवश्यक नपर्ने वा उपधारा ५ बमोजिम बहुसंख्यक प्रदेशसभाबाट स्वीकृत भइआएको विधेयक संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई

❖ बाँकी पृष्ठ ४ मा

## कार्की नेतृत्वको सरकारलाई भारतको बलियो समर्थन

झापा(प्रस) । प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई भारतले बलियो समर्थन जनाएको छ।

प्रधानमन्त्री सुशीला कार्की र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच बिहीवार टेलिफोन वार्ता भएको थियो। उक्त वार्तामा मोदीले कार्की नेतृत्वको अन्तरिम सरकारलाई भारतको बलियो समर्थन रहेको बताएका हुन्।

वार्तापछि सामाजिक सञ्जालमा लेख्दै मोदीले भने,नेपालको अन्तरिम सरकारका प्रधानमन्त्री श्रीमती सुशीला कार्कीसँग न्यानो कुराकानी भयो। हालै भएको दुःखद निधनप्रति हार्दिक समवेदना व्यक्त गर्दै शान्ति र स्थिरता पुनर्स्थापित गर्ने उहाँको प्रयासमा भारतको दृढ समर्थन रहेको कुरामा जोड दिएँ। साथै, भोलि हुने राष्ट्रिय दिवसको अवसरमा उहाँ र नेपाली जनतालाई हार्दिक शुभकामना व्यक्त गरेँ।

गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनपछि कार्की नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो। कार्की प्रधानमन्त्री भएपछि मोदीले बधाई तथा शुभकामना दिएका थिए।

मोदीले आफ्नो सामाजिक सञ्जालमा एक सन्देश पोस्ट गर्दै भनेका थिए,नेपालको अन्तरिम सरकारको प्रधानमन्त्रीको रूपमा पदभार ग्रहण गरेकोमा सुशीला कार्कीलाई बधाई तथा शुभकामना छ। भारत नेपालका जनताको शान्ति, प्रगति र समृद्धिप्रति प्रतिबद्ध छ।

यस्तै मणिपुरबाट उनले प्रधानमन्त्री कार्कीलाई बधाई दिँदै नेपालमा शान्ति, स्थिरता र समृद्धिको मार्ग प्रशस्त हुने विश्वास व्यक्त गरेका थिए। मणिपुरको धर्तीबाट नेपालका साथीहरूसँग पनि कुरा गर्छु।

हिमालयको काखमा बसेको नेपाल भारतको एउटा मित्र हो। नजिकको साथी हो। हामी साझा इतिहासबाट जोडिएका छौँ, अवस्थाबाट जोडिएका छौँ। एकसाथ अगाडि बढिरहेका छौँ। म नेपालको अन्तरिम सरकारका प्रधानमन्त्री पद सम्हाल्नुभएकोमा १४० करोड भारतीयको तर्फबाट श्रीमती सुशीलाजीलाई बधाई दिन चाहन्छु। मलाई आशा छ, नेपालमा शान्ति, स्थिरता र समृद्धिको मार्ग प्रशस्त गर्नुहुनेछ, उनले भनेका थिए। उनले नेपालले पहिलो महिला प्रधानमन्त्री पाउनु महिला सशक्तीकरणको ठुलो उदाहरण भएको बताएका थिए।

## सैनिक ब्यारेकबाट गुण्डु सरे पूर्वप्रधानमन्त्री केपी ओली

जेनजी आन्दोलनका कारण प्रधानमन्त्रीबाट राजीनामा दिएर सैनिक ब्यारेकमा गएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आज भक्तपुरको गुण्डु सरेका छन्। ओलीलाई भदौ २४ गते बालुवाटारबाट सेनाले हेलिकोप्टरमार्फत शिवपुरी ब्यारेकमा लगेर सुरक्षित राखेको थियो। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली भक्तपुरको सूर्यविनायक नगरपालिका-७ गुण्डुमा भाडाको घरमा सरेका एमाले स्रोतले जनाएको छ।

बालुवाटारबाट सेनाले हेलिकोप्टरमार्फत उनलाई ब्यारेकमा लगेर सुरक्षित राखेको थियो। आन्दोलनकारीले ओलीको बालकोटमा रहेको निवासमा समेत आगजनी तथा तोडफोड गरी ध्वास्त बनाएका थिए।

गुन्डुस्थित निवासमा आज अध्यक्ष ओलीसँग पार्टीका महासचिव शङ्कर पोखरेल, नेता भानुभक्त ढकाल, महेश बस्नेत, एमाले भक्तपुर जिल्ला अध्यक्ष बचन देउजालगायतले भेट गरे।

एमालेले संविधान दिवसका अवसरमा च्यासलस्थित पार्टी कार्यालयमा आयोजना गर्ने कार्यक्रममा अध्यक्ष ओलीले सम्बोधन गर्ने कार्यक्रम तय भएको जनाएको छ।

## राष्ट्रपतिसँग नागरिक अगुवा : सरकारको मुख्य कार्यभार तोकिएकै मितिमा निष्पक्ष निर्वाचन

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नागरिक समाजका अगुवाहरूले वर्तमान सरकारको मुख्य कार्यभार तोकिएको मितिमा स्वतन्त्र र निष्पक्ष निर्वाचन रहेको बताएका छन्।

आज राष्ट्रपतिलाई लिखित निवेदन दिँदै उनीहरूले समयमै निर्वाचन सम्पन्न गराउनु र संवैधानिक व्यवस्थालाई यथावतरुपमा क्रियाशील गराउनु सरकारको दायित्व रहेको उल्लेख गरेका हुन्।

निवेदकहरूमा महेशकुमार मास्के, मल्ल के सुन्दर, परशुराम तामाङ, रत्नसंसार श्रेष्ठ, कुन्दन अर्याल, जगत देउजा, टिकाराम भट्टराई, कनकमणि दीक्षित, चण्डेश्वर श्रेष्ठ, राजेन्द्र महर्जन, गीता त्रिपाठी, बिन्दु शर्मा, शरद वन्त, सुशीला प्याकुरेललगायत थिए।

त्यस्तै, उनीहरूले सुशासनसँगै अभिव्यक्ति स्वतन्त्रताको पक्षमा उठेको जेनजी पुस्ताको आन्दोलन र मागप्रति आफूहरूद्धको समर्थन रहेको उल्लेख गरे।

## चिनियाँ राजदूतले भेटे प्रधानमन्त्री कार्कीलाई

झापा(प्रस) । नेपालका लागि चिनियाँ राजदूत चेन सोङले प्रधानमन्त्री सुशीला कार्कीसँग भेटघाट गरेका छन् ।

बिहीबार भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री कार्कीसँग फोनवार्ता गरेलगत्तै चिनियाँ राजदूत सोङले पनि प्रधानमन्त्री कार्कीसँग भेटघाट गरेका हुन् ।

भेटमा छिमेकी देश भएको नाताले



नेपाललाई हरेक प्रकारको सहयोग गर्न चीन तयार रहेको धारणा राख्दै राजदूत सोङले नेपाली जनताले गरेको आन्दोलनलाई स्वागत गरेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले पनि नेपाल चीनसँग सहकार्य गर्न तयार रहेको र यो बेलामा आवश्यक सहयोगको अपेक्षा गरेको धारणा राखेकी छन् ।

यसअघि मंगलवार नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले पनि प्रधानमन्त्री कार्कीसँग भेटवार्ता गरेका थिए ।

## कोशी सरकारले मृतकका परिवारलाई १ लाख दिने

झापा(प्रस) । जेन्जी आन्दोलनपश्चात पहिलोपटक बिहीबार बसेको कोशी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले पाँच लाख रुपैयाँसम्मका सबै योजना तत्काल कार्यान्वयन नगर्ने निर्णय गरेको छ।

सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीका अनुसार



आन्दोलनमा सहभागी भएर ज्यान गुमाउने व्यक्तिका परिवारलाई प्रतिपरिवार एक लाख रुपैयाँ काजकिरिया खर्च उपलब्ध गराइने निर्णय पनि भएको छ। बैठकले आन्दोलनका क्रममा भएको भौतिक पूर्वाधार क्षतिको विस्तृत विवरण संकलन गरी कार्तिक ९ गतेभित्र प्रतिवेदन पेस गर्न भौतिक पूर्वाधार मन्त्रालयलाई जिम्मेवारी दिएको छ।

यसैबीच, मुख्यमन्त्री हिक्मतकुमार कार्कीले क्षतिबाट जोगिएको भवनमा नयाँ कार्यकक्ष बनाएर नियमित काम सुरु गरेका छन्। उनले आफ्नो कार्यकक्षमा नेपालको चुच्चे नक्सा राखेर काम प्रारम्भ गर्दै राष्ट्रिय स्वतन्त्रता र राष्ट्रिय एकतालाई सरकारको मुख्य एजेन्डा बनाउने घोषणा गरेका छन्।

## भारत-नेपाल सीमामा इन्डोनेशियाली महिला पक्राउ



झापा(प्रस) ।नेपाल प्रवेश गर्न खोज्ने एक संदिग्ध इन्डोनेशियाली महिलालाई भारत-नेपाल सीमामा तैनाथ एसएसबी पक्राउ गरेको छ ।

एसएसबीको ४१ औं वाहिनीको सी कम्पनी पानीटंकीका जवानले उनलाई पक्राउ गरेका हुन्। पक्राउ पर्ने महिलाको नाम काडेक सिसियानी हो। उनी इन्डोनेशिया निवासी हुन्। भारतीय आधार कार्डमा उनको नाम निन्योमन मुरनी रहेको छ। प्राप्त जानकारी अनुसार, एसएसबीले उनलाई भारतीय सीमामा सीमा स्तम्भ संख्या ९० को नजिक पुरानो पुलमा रोकेको थियो। सोधपुछ गर्ने क्रममा ती महिलाले आफूलाई भारतीय नागरिक निन्योमन मुरनी बताएकी थिइन् । पछि थप जाँच गर्दा उनको साथमा विभिन्न नक्कली कागजातहरू फेला परेको छ । जसमा इन्डोनेशियाली पहिचान पत्र पनि समावेश थियो ।

ती संदिग्ध महिलाले आफू भारतीय नागरिक नभएर मुम्बईमा एक स्थानीय एजेन्टमार्फत ठगी गरेर भारतीय आधार कार्ड र प्यान कार्ड प्राप्त गरेको स्वीकार गरेकी छन् । उनले नक्कली कागजात प्रयोग गरेर इन्डोनेशियाबाट टर्की, नेपाल र भारत यात्रा गर्ने गरेको बताएकी छन् । एसएसबीले कानुनी प्रक्रिया पूरा गरी ती महिलालाई खोरीबारी थानामा बुझाएको छ । बिहीवार ती महिलालाई सिलिगुडी अदालतमा पेश गरिएको भारतीय प्रहरीले जनाएको छ।

# ८ लाख इम्बोस्ड नम्बर प्लेट र कारखाना ध्वस्त

झापा(प्रस) । लामो समयदेखि विवादित इम्बोस्ड नम्बर प्लेट असोज १ गतेदेखि अनिवार्य रूपमा जडान गर्ने सरकारी योजना थियो। तर भदौ २३ र २४ गतेको आन्दोलनले यसको कार्यान्वयन अनिश्चिकालका लागि स्थगित भएको छ।

आन्दोलन र तोडफोड तथा आगजनीले यातायात व्यवस्था विभागमा ठुलो क्षति पुऱ्याएको छ।

गत साउन २० गते असोज १ गतेदेखि इम्बोस्ड नम्बर अनिवार्य जडान गर्ने निर्णय भएको थियो। जडान नगरे सवारी दर्ता, नामसारी र नवीकरण नै रोक्ने तयारीमा सरकार थियो।

निवर्तमान भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा संघ, प्रदेश र स्थानीय तहका प्रतिनिधिसमेतको उपस्थितिमा मन्त्रालयको विषयगत समितिको बैठकले यस्तो निर्णय गरेको थियो।

तर आन्दोलनकारीले विभाग नै जलाइदिएपछि इम्बोस्ड नम्बर उत्पादन गर्ने कारखाना उपकरणलगायत सबै पूर्ण रूपमा क्षति पुगेको छ। उत्पादन गरेर राखेका प्लेटहरू र जडानका लागि कार्यालयमा पठाएका प्लेटहरू जलेका छन्। कामै नलाग्ने अवस्थामा पुगेका छन्।

मीनभवनस्थित विभागमा आगजनी हुँदा इम्बोस्ड नम्बर प्लेट उत्पादन प्लान्टका मेसिनहरू जलेर नष्ट भएका छन्। विभागमा रहेका सवारी लाइसेन्स छपाइ मेसिन, सर्भर लगायत पनि व्यापक क्षति पुगेको छ। यसबाहेक विभागले प्रदान गर्दै आएका सवारी लाइसेन्स छपाइ, नवीकरण, नयाँ दर्तालगायत सबै सेवा अनिश्चित अवधिका लागि स्थगित भएकाले सेवाग्राहीहरू थप मर्कामा पर्ने देखिएको छ।

विभागका निर्देशक श्रीकान्त यादवका अनुसार क्षति यति ठुलो छ कि के-के बच्यो भन्ने लेखाजोखा गर्नुपर्ने अवस्था छ। कर्मचारीहरूले आवश्यक प्रयोजनका लागि बोकेर लगेका ल्यापटपबाहेक विभागका सबैजसो उपकरणहरूमा पूर्ण रूपमा नष्ट भएका छन्।

के-के क्षति भयोभन्दा पनि अब के-के बच्यो भन्नेतिर जानुपर्ने उनले बताए। 'जजसले ल्यापटप लिएर जानुभएको थियो, तीबाहेक बाँकी सबै ध्वस्त भए,' उनले बताए।

इम्बोस्ड नम्बर जडानका लागि ठेकेदार कम्पनीसँगको सम्झौताको म्याद मङ्सिर ११ गतेसम्म छ। र अब उक्त म्यादअघि यो पक्रिया कसरी अघि बढाउने/नबढाउने छलफल गरी निर्णय लिने उनले जानकारी दिए।

'अहिलेलाई स्थगित गरेका छौँ, हामीसँग उत्पादन गर्ने मेसिन छैन, सफ्टवेयर गइसक्यो त अब कसरी जडान गर्ने, कसरी अगाडि बढाउने भन्ने कुरामा छलफल भएको छैन,' यादव भन्छन्, 'सम्झौताअनुसार इम्बोस्ड नम्बर प्लेट जडानको अन्तिम म्याद मंसिरको ११ गते सम्म छ। यसअघि छलफल गर्छौं।'

**आठ लाख इम्बोस्ड नम्बर प्लेटमा क्षति**

क्षतिको विवरण सङ्कलन गर्ने कार्य जारी छ। इम्बोस्ड नम्बर प्लेटतर्फ मात्रै करिब ८ लाख प्लेटमा क्षति पुगेको अनुमान गरिएको छ। यसअघि मन्त्रीको पदभार ग्रहणका क्रममा भौतिक मन्त्रालयका सचिव केशवकुमार शर्माले ५ लाख इम्बोस्ड नम्बर प्लेट क्षति भएको बताएका थिए।

तर विभागका निर्देशक यादवले करिब ८ लाखको हाराहारीमा क्षति भएको बताएका हुन्। उनका अनुसार विभागले हालसम्म साढे १२ लाख इम्बोस्ड नम्बर प्लेट छपाइका लागि ठेकेदार कम्पनीलाई अर्डर दिएको थियो। त्यसमध्ये करिब १ लाख ९० हजार इम्बोस्ड नम्बर प्लेट जडान भइसकेका थिए। यस्तै, १ लाखदेखि सवा लाखसम्मका प्लेट उद्योगमा ल्याएर छाप्ने क्रममा थिए। बाटोमा आउँदै गरेका करिब २ देखि ३ लाख प्लेट भने आन्दोलनपछि रोकिएको छ।

साथै यातायत कार्यालयहरूमा जडानका लागि पठाइएको इम्बोस्ड प्लेट पनि क्षति भएको अनुमान छ। तर क्षतिको यकिन तथ्यांक आउन बाँकी नै छ।

**क्षति कसले बेहोर्ने ?**

इम्बोस्ड नम्बर प्लेट उत्पादन गर्ने कारखानाको क्षतिको बिमा अर्थात् प्लेटको ग्यारेन्टी छैन। उत्पादन कम्पनीले विभागलाई बुझाइसकेका प्लेटहरूको क्षतिको जिम्मा विभागले लिनुपर्ने र विभागलाई नबुझाएका प्लेटको क्षति कम्पनी स्वयंको हुने यादवले स्पष्ट पारे।प्लेटको उत्पादन लागत वा प्रतिप्लेट मूल्यबारे कुनै तथ्यांक नभएको विभागले जनाएको छ। यो एउटा सगोल सम्झौता भएकाले प्लेट, सिस्टम, छाप्ने मेसिन, स्ट्रक्चर, गेटलगायत सबै सेवाको लागत एकमुस्ट ३ करोड ८७ लाख रुपैयाँ निर्धारण गरिएको थियो। यसलाई छुट्टाछुट्टै मूल्य तोक्न नमिल्ने भएकाले ८ लाख बरबर नम्बर प्लेट क्षतिको यकिन रकम बताउन नसकिने यादव बताउँछन्।

**जडान नगरे राज्यले ४ अर्ब हर्जाना तिर्नुपर्ने**

सम्झौताअनुसार म्यादभित्र इम्बोस्ड नम्बर प्लेट जडान नगरे राज्यले ठेकेदार कम्पनीलाई हर्जाना तिर्नुपर्ने विभाग बताउँछ। निवर्तमान भौतिक पूर्वाधार मन्त्री दाहालले भदौ १९ गते भएको प्रतिनिधिसभा बैठकमा सम्झौताअनुसार म्यादभित्र प्लेट जडान नगरे ३ अर्ब ९१ करोड रुपैयाँ बराबर हर्जाना तिर्नुपर्ने बताएका थिए।

सरकारले आर्थिक वर्ष २०७२/७३ मा प्रचलनमा रहेको नम्बर प्लेटलाई विस्थापन गरी सबै सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने महत्त्वाकांक्षी योजना अघि सारेको थियो। २०७२ जेठ १७ गते ५ वर्षभित्र २५ लाख इम्बोस्ड नम्बर प्लेट उत्पादन गर्ने गरी बङ्गलादेश र अमेरिकाको संयुक्त लगानीमा रहेको डेकाटुर-टाइगर आईटी कम्पनीलाई ठेक्का दिइएको थियो। तर तर यसबिचमा इम्बोस्ड नम्बर प्लेटको भाषासम्बन्धी रिट निवेदन सर्वोच्च अदालतमा परेका थिए, जुन २०७६ मा खारेज भयो। सर्वोच्च अदालतले इम्बोस्ड नम्बर प्लेटमा अङ्ग्रेजी भाषा प्रयोग गर्दैमा संविधानविपरीत नहुने निर्णय गरेको थियो।

यस्तै अर्थिक चलखेल भएकोबारे अख्तियारमा पनि उजुरी परेको थियो। अख्तियारले पनि अनियमितता नभएकोबारे क्लिन चिट दिएको विभागको भनाइ छ।

यसपछि त्यसपछि २०७८ जेठ १३ गते अढाई वर्षका लागि म्याद थप गरियो। २०८० असोज २३ गते आगामी २०८२ मङ्सिर ११ गतेसम्म म्याद थपिएको हो।

ठेक्का सम्झौतामा २५ लाख सवारी साधनका लागि इम्बोस्ड नम्बर प्लेट उत्पादन, १० वटा इम्बोस्ड नम्बर प्लेटलाई ट्र्याकिङ गर्ने आरएफआईडी गेट (रेडियो फ्रिक्वेन्सी आइडेन्टीटी डिभाइस गेट), १ सय वटा हाते मेशिन (ह्यान्डहेल्ड डिभाइस) र चालु अवस्थाको नम्बर प्लेट छाप्ने फ्याक्ट्री सरकारलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। त्यसबापत ३ करोड ८७ लाख रुपैयाँ सरकारले ठेकेदार कम्पनीलाई भुक्तानी दिनुपर्ने उल्लेख छ।

विविध कारण सम्झौताअनुसार काम हुन सकेन। पछिल्लो म्याद २०८२ मङ्सिर ११ गतेभित्र पनि काम सम्पन्न नभए सरकारलाई जरिवाना लाग्ने सम्झौतामा उल्लेख छ। हाल आगजनीका कारण कारखानामै पूर्ण रूपमा क्षति पुगेकाले उक्त समयमा जडान सम्भव नहुने देखिएको छ।

# रास्वपाले 'सद्भाव तथा सहकार्य अभियान' सुरु गर्ने

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मतदाता नामावली दर्ताका लागि राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा अभियान सञ्चालन गर्ने भएको छ।

पार्टी सचिवालयको आजको बैठकले वर्तमान सरकारले विदेशमा रहेका नेपाली नागरिकलाई मतदान गर्ने अधिकारबारे देखाएको चासोलाई स्वागत गर्दै आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको हो।

रास्वपाका प्रवक्ता मनिष झाले जेनजीका धेरै नागरिक मतदाता नामावलीमा सूचीकृत नभएको अवस्थालाई ध्यानमा राख्दै आफूहरूले मतदाता नामावली दर्ताका लागि राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा अभियान सञ्चालन गर्ने निर्णय बैठकले गरेको जानकारी दिए।

पार्टीले प्रवासमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता प्रक्रिया पूर्ण रूपमा अनलाइनबाट गर्ने व्यवस्था मिलाउन, नेपालका विदेशस्थित दूतावास र कन्सुलेट तथा नेपालका अन्तरराष्ट्रिय विमानस्थलका आगमन र प्रस्थान दुवै क्षेत्रबाट बायोमेट्रिक सेवा उपलब्ध गराउने व्यवस्था गर्न प्रस्तावसमेत गर्ने जनाएको छ।

यस्तै, रास्वपाले सद्भाव तथा सहकार्य अभियान सुरु गर्ने निर्णय गरेको छ। "जेनजी आन्दोलनपछिको संवेदनशील अवस्थालाई लिएर समाज थप विभाजित नहोस् भन्ने उद्देश्यले पार्टीले 'सद्भाव तथा सहकार्य अभियान' प्रारम्भ गर्नेछ", बैठकका निर्णय समावेश विज्ञप्तिमा भनिएको छ।

आगामी फागुनमा आमनिर्वाचन तय भएसँगै रास्वपाको पहिलो महाधिवेशनको पूर्वनिर्धारित कार्यक्रम प्रभावित हुने भएको छ। सचिवालयको बैठकले परिवर्तित परिस्थितिलाई ध्यानमा राखी महाधिवेशनबारे आवश्यक छलफल र निर्णय आगामी बैठकमा गर्ने प्रस्ताव समेत गरेको छ।

# टेलिफोनको तार चोरेर भारत लाँदै गर्दा पाँच पक्राउ



झापा(प्रस) । अप्टिकल फाईभर टेलिफोनको तार चोरी गरी भारततर्फ लाँदै गर्दा पाँचजना पक्राउ परेका छन्।

बुधवार बिहान ११ बजे मेचीनगरको इलाका प्रहरी कार्यालय नकलबन्दाबाट खटिएको गस्ती टोलीले नेपालबाट भारततर्फ ५ वटा बोरामा प्याक गरी अप्टिकल फाईभर टेलिफोनको तार चोरी गरी लाँदै गरेको अबस्थामा पक्राउ गरेको हो। पक्राउ पर्नेहरुमा भारत दार्जिलिङ जिल्ला पानीट्याङ्की बस्ने बर्ष २४ का कातिक अधिकारी ,भारत दार्जिलिङ जिल्ला पानीट्याङ्की बस्ने बर्ष ३४ का राहुल अधिकारी , झापा बुद्धशान्ति गाउँपालिका शितल वस्ती बस्ने बर्ष २५ का बिजय राजवंशी ,इलाम माई नगरपालिका ३ जौबारी वस्ने बर्ष २७ का दिनेश परियार र कचनकबल गाउँपालिका ३ डाँगीबारी बस्ने बर्ष ४२ का संजय माझी रहेका छन्।

पक्राउ परेका ती नेपाली तथा भारतीय नागरिकहरुलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको छ।

# जेनजी आन्दोलनको उपलब्धि अन्तरिम सरकार र निर्वाचनको घोषणामा सीमित : प्रचण्ड

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले धुलो टकटक्याएर देश निर्माणमा लाग्न आह्वान गरेका छन्।

संविधान दिवसको अवसरमा भिडियो सन्देश जारी गर्दै उनले यस्तो आह्वान गरेका हुन्। उनले ७० भन्दा बढी युवाको जघन्य हत्याको शोकमा नेपाल रहेको भन्दै २३ गतेको नरसंहार र २४ गतेको विध्वंसले सार्वजनिक सेवा अस्तव्यस्त भएको बताए। सबैभन्दा उच्च प्राथमिकताका साथ देशव्यापी पुनर्निर्माणमा लाग्नु रहेको बताए।

घटनाको स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय छानबिन आयोग गठन



गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गरे। जेनजी आन्दोलनलाई समयमै विवेकपूर्वक सम्बोधन गर्न नसक्दा मुलुक आज निकै तरल अवस्थामा प्रवेश गरेको जिकिर गरे।

जेन–जी आन्दोलनको बलमा संसद्बाट प्रत्यक्ष निर्वाचित कार्यकारी हुने शासकीय स्वरूपमा जाने गरी तत्काल संविधान संशोधन गर्न सकिने भए पनि त्यो अवसरबाट जेन जी चुकेको बताए। उनले जेनजी आन्दोलनको उपलब्धि केवल अन्तरिम सरकार र निर्वाचनको घोषणामा सीमित भएको बताए। शासकीय स्वरूप बदल्ने र इतिहास रच्ने मौका गुमेको उनको भनाइ छ।

उनले भने, 'आज जेन–जी आन्दोलनको उपलब्धि केवल अन्तरिम सरकार र निर्वाचनको घोषणामा सीमित भयो, शासकीय स्वरूप बदल्ने र इतिहास रच्ने मौका गुम्यो।'

उनले अन्तरिम सरकारलाई पनि असफल बनाउने प्रयास शुरु भइसकेको दाबी गरे।

## मापसे गरेका सोरेनको बाटैमा

कुमरखोद(प्रस) ।झापा गाउँपालिकामा एक ब्यक्ति बाटोमा लडिरहेको अवस्थामा मृत फेला परेका छन्।

बिहीवार बिहान झापा-६ स्थित चन्द्रबस्तीमा सोही ठाउँका अन्दाजी ४२ वर्षीय रवि सोरेन बाटोमा लडिरहेको अवस्थामा मृत फेला परेका हुन्।

मादक पदार्थ सेवन गरेर बाटोमा सुतेका उनको सुतेकै ठाउँमा मृत्यु भएको हुन सक्ने अनुमान गरिएको छ। उनको शबलाई पोस्टमार्टमका लागि लगिएको प्रहरीले जनाएको छ।

## जेनजीको ..

तिहाइ बहुमतबाट पारित गर्नुपर्नेछ' संविधानको धारा २७४ को उपधारा ८ मा उल्लेख छ। यस धाराअनुसार तत्काल कायम सदस्य भनेको राष्ट्रिय सभा र प्रतिनिधिसभाका कुल ३ सय ३४ सांसदमध्ये संशोधन प्रस्ताव पारित गर्ने बेला दुवै सदनमा कायम रहेको संख्या भन्ने बुझाउँछ। जस्तो- ३ सय ३४ सांसदमध्ये संशोधन प्रस्ताव पारित गर्ने बेलामा ३ सय ३० जना मात्र सांसद कायम रहेछन् भने ३ सय ३० जनाको दुई तिहाइ बहुमतले पारित गरेपछि मात्र संशोधन हुन्छ।

तत्कालीन संसद्का पहिलो र दोस्रो ठूला दल क्रमशः नेपाली कांग्रेस र नेकपा (एमाले) बीच गत वर्षको असार १७ गते सरकार गठन गर्ने समझदारी बनेको थियो। तर, गठबन्धनको एक वर्ष बित्दासमेत सातबुँदे समझदारीको मुख्य मुद्दा संविधान संशोधन समझदारीको बुँदामै सीमित रह्यो। उनीहरुले यसबारे सामान्य बहससमेत गरेनन्। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली स्वयमूले संशोधनको भाखा पाँच वर्ष उता ठेलेपछि गठबन्धनकै औचित्यमाथि प्रश्न उठेको थियो।

## जेनजी...

**उत्तरपुस्तिका जलेपछि अब के हुन्छ ?**

उत्तरपुस्तिका जलिसकेपछि अब पुन: परीक्षा वा के हुन्छ भन्ने प्रश्नमा काभ्रे बहुमुखी क्याम्पसका अध्यक्ष कायस्थले त्रिविले जे निर्णय गर्छ,त्यही अनुसार गरिने जानकारी दिए। त्रिवि परीक्षा नियन्त्रक कार्यालयका सहायक परीक्षा नियन्त्रक दावा शेर्पाले पनि उत्तरपुस्तिका जलेको जानकारी पाएको बताए।

उनले भने,'आन्दोलनको क्रममा आगजनी हुँदा उत्तरपुस्तिका जल्यो भन्ने जानकारी पाएका छौँ।' उनले यस विषयमा बुझिरहेको र सबै जानकारी पाएपछि त्यही अनुसार निर्णय लिइने जानकारी दिए। जेनजी आन्दोलनका कारण भइरहेको परीक्षा पनि त्रिविले रोकेको छ।

त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयले सूचना जारी गर्दै रोकिएको परीक्षा कात्तिक ११ पछिमात्रै सञ्चालन हुने जानकारी दिएको छ। त्रिवि शिक्षा शास्त्र संकायले पनि सूचना जारी गर्दै रोकिएको स्नातक तहको परीक्षा कात्तिक १२ गतेदेखि र क्रमशः अन्य तहको पनि परीक्षा सञ्चालन हुने जानकारी दिएको छ।

अन्य संकायले पनि सूचना जारी गर्दै तिहारपछि मात्र परीक्षा सञ्चालन हुने जानकारी दिएको छ। यही आन्दोलनकै कारण त्रिविले हिउँदे बिदामा कटौती गर्नेगरी कात्तिक १० गतेसम्म पठनपाठन बन्द गर्ने निर्णयसमेत गरिसकेको छ।

**पाँच वटा भवनमा क्षति, विवरण संकलन हुँदै**

त्रिवि परीक्षा नियन्त्रक कार्यालयका सहायक परीक्षा नियन्त्रक शेर्पाले हालसम्म पाँच वटा त्रिविका आंगिक क्याम्पस र भवनमा आन्दोलन क्रममा क्षति पुगेको जानकारी पाएको बताए।

उनले भने,'अहिले पाँच वटा जतिमा क्षति पुगेको भन्ने छ,अरू कहाँ के-केमा क्षति पुगेको छ,यसको विवरण संकलन गर्दै आएका छौँ,सबै विवरण आएपछि क्षतिबारे थाहा हुन्छ।'

# सामूहिक आक्रमण गरी छुरा प्रहार , एक घाइते

झापा(प्रस) ।विश्वकर्मा पूजाका दिन झापाको बुद्धशान्तिमा एक युवकमाथि सामूहिक हमला भएको छ।

छुरा प्रहारबाट ती युवक घाइते भएका छन्। बुधवार साँझ ५ बजे बुद्धशान्ति ६गौँडा बस्ने २७ वर्षीय सन्देश राईलाई इलाम रोड ५बस्ने बर्ष अन्दाजी ३० का बिजु राई र झापा मेचीनगर ७ बस्ने बर्ष अन्दाजी ३२ का गोबिन्द सापकोटालगायत १४-१५जनाको समूहमा आई धारिलो हतियार छुरा प्रहार गरी घाइते बनाएका हुन्। घाइतेको बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ। उनको टाउकोमा चोट लागेको छ।

इलाका प्रहरी कार्यालय बुधबारेबाट प्रहरी टोली खटिएर छुरा प्रहार गरी फरार भएका ब्यक्तिहरुको खोजी भइरहेको जनाइएको छ।

# दुर्गा प्रसाई असोज ९ गते बिर्तामोड आउँदै

झापा(प्रस) । कारागार मुक्त भएपछि पहिलो पटक बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाई गृह जिल्ला झापा आउने भएका छन्।

उनी यही असोज ९ गते बिर्तामोड आउने भएका हुन्। पटक-पटक हिरासत र महिनौंको कारागार बसाइँपछि करिव ६ महिनापछि नागरिक बचाउ महाअभियानका संयोजक प्रसाई बिर्तामोड आउन लागेको कार्यक्रम व्यवस्थापन समिति संयोजक ओमप्रकाश लुइटेलले जनाएका छन्। उनको स्वागतमा चन्द्रगढी एयरपोर्टदेखि बिर्तामोडको सि.टि. सेन्टरसम्म मोटरसाइकल र्याली निकालिने भएको छ। त्यस्तै स्वागत-सम्मान, तथा शुभकामना आदान- प्रदान कार्यक्रम पनि राखिएको छ।

# सरकारले नयाँ व्यवस्था ल्याए आयोगले कार्यान्वयन गर्ने



झापा(प्रस) ।निर्वाचन आयोगले फागुन २१ गते हुने चुनावको तयारी सुरू भएको जानकारी दिएको छ। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले मौजुदा कानुनअनुसार चुनावको तयारी सुरू गरेको बताए। तर, आवश्यक कतिपय नयाँ प्रावधानका लागि सरकारसँग सहकार्य गरेर अघि बढ्ने उनले बताए। 'घोषणा भएको मितिमा चुनाव सम्पन्न गराउन हामीले तयारी सुरू गरिसकेका छौं। त्यसका लागि आवश्यक सरसामानहरूको अध्ययन गर्ने काम भइरहेको छ। सबै विषयको अध्ययनपछि निर्वाचन कार्यतालिका बनाएर दल दर्तालगायतका काम सुरू गर्छौं,' प्रवक्ता भट्टराईले भने।

प्रवक्ता भट्टराईले चुनावको तयारी र आवश्यक कानुनका लागि सरकार र आयोगका पदाधिकारीबीच छलफल भइरहेको बताए। 'निर्वाचनसम्बन्धी नयाँ कानुन पास भइसकेको अवस्था छैन। त्यसैले मौजुदा कानुनअनुसार नै काम सुरू गरेका छौं। सरकार र आयोगका पदाधिकारीबीच छलफल पनि भइरहेको छ। सरकारले केही नयाँ व्यवस्था गरेको खण्डमा त्यसलाई आयोगले कार्यान्वयन गर्छ,' उनले भने।



कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# दसैंमा यात्रुको विजोग नहोस्

**यस वर्ष दसैंमा घर फर्किन चाहनेहरुका लागि अग्रिम टिकट बुकिङ खुल्ला गरिएको छैन । अग्रिम टिकट बुकिङ खुल्ला नगरी घर आउने दिन नै टिकट र गाडी उपलब्ध गराउने यातायात व्यवसायीहरुले दावी गरेका छन् । अग्रिम टिकट बुकिङ गर्दा त यात्रुहरुले सहज रुपमा यात्रा गर्न सकेका थिएनन् । झन् घर आउने दिन नै टिकट र गाडी पाउने कुरामा कसरी सहज होला ? यातायात व्यवसायीले दसैंका लागि यस वर्ष अग्रिम टिकट बुकिङ नखोल्ने बताएका छन् । यस वर्ष विभिन्न समस्या देखाउँदै व्यवसायीहरूले लामो दूरीका टिकट अग्रिम बुकिङ नखोल्ने निर्णय गरेका हुन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाका अनुसार यात्रुहरूले १ वा २ दिनअघि मात्रै टिकट लिन पाउनेछन् ।**

**यात्रुहरूका लागि आवश्यक सवारीसाधनको व्यवस्थापनमा महासंघ लागेको र चाडपर्व नजिक हुँदा सवारीसाधन अभाव हुन नदिने सिटौलाले जानकारी दिए । यातायात व्यवस्था विभागमा भएको सर्वपक्षीय बैठकमा सरोकारवालाले यातायात सेवाको सम्पूर्ण तयारी भएको बताएका थिए । यातायात व्यवस्था विभागले चाडपर्वलाई मध्यनजर गर्दै यातायात सेवालाई प्रभावकारी बनाउनका लागि सबै तयारी भएको जनाएको छ । विभागका महानिर्देशक राजीव पोखरेलले चाडपर्वमा सुरक्षित यात्रा गराउनका लागि विभागका तर्फबाट सबै तयारी भएको जानकारी दिए । उनले सडक क्षेत्रको सुशासन कायम गरेर यात्रुहरूलाई सुरक्षित साथ गन्तव्यतर्फ पुऱ्याउनका लागि सबै निकायबीच सहकार्य जरुरी रहेको उल्लेख गरे ।**

**चाडपर्वमा समयमा सडक अवरुद्ध हुन नदिन ठाउँठाउँमा सडक विभागसँगको सहकार्यमा डोजरलगायतको व्यवस्था गरिने उनले बताए । पोखरेलले भाडा दरलाई पारदर्शी बनाउन यात्रु सहायता कक्षलगायत विभिन्न स्थानमा भाडा दरको बोर्ड राखिने उल्लेख गरे ।**

**महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले पछिल्लो तीन दिनमा करिब ४ लाख यात्रुले उपत्यका छाडेको जानकारी दिएका थिए । यसअघिका वर्षमा घटस्थापनादेखि फूलपातीसम्म अत्यधिक चाप देखिए पनि यस वर्ष अहिलेदेखि नै यात्रुको चाप बढेको उनले बताए । सिटौलाले यात्रुहरूलाई सेवा दिन यातायात व्यवसायीहरू तयार रहेको भन्दै सरकारका निकायहरू पनि सेवाका लागि तयार रहनुपर्ने बताए ।**

**त्यस्तै, यातायात व्यवसायीहरूले अहिलेको विषम परिस्थितिमा भाडादर वृद्धि नहुने र सेवामा ध्यान केन्द्रित गर्ने प्रतिबद्धता जनाएका छन् । त्यही दिन टिकट काट्दा महँगो भाडा लिन सक्ने आशंका पनि छ । त्यसतर्फ चनाखो रहनु पर्छ । महान चाड दसैंमा सवैजना घर आउन खोजेका हुन्छन् । सरकारले सुरक्षित र व्यवस्थित रुपमा घर आउने वातावरण निर्माण गर्न जरुरी छ ।**



Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# निर्यात व्यापारमा उत्साह



• भरत गौतम

उत्पादन उपभोक्तासँग पुऱ्याउने आधार व्यापार हो । उत्पादन नभई व्यापार हुँदैन सेवा क्षेत्रमा नवीनतम सोचको सिप, क्षमताले व्यापारमा गतिशीलता ल्याउँछ । आर्थिक क्रियाकलापको उत्पादनपछिको अग्र स्थानमा व्यापार रहेको र अन्तर्राष्ट्रिय स्तरमै व्यापार राजनीतिक एजेन्डामा समेत बन्न थालेको छ । माग र आपूर्तिबिच मूल्य प्रभाव र गुणस्तरका आधारमा व्यापार हुनुपर्नेमा अमेरिकामा डोनाल्ड ट्रम राष्ट्रपतिमा पुनरागमनपछि व्यापारमा पनि राजनीतिक प्रभाव देखियो । अमेरिकामा आयात हुने वस्तुलाई अमेरिकाको हित र प्रभाव हेरी आयात शुल्क लगाउने अभियान नै जारी छ । माग एवं मूल्य प्रभाव, गुणस्तर आधारमा व्यापार हुने सिद्धान्त रहेको भए पनि 'नो एड वट ट्रेड' अर्थात् सहायताभन्दा व्यापारको पहुँच देऊ भन्ने अभियान पनि छ । हाल विश्व व्यापारमा आयात शुल्कको होडबाजीले नकारात्मक प्रभाव पर्न थालेको र केहीलाई फाइदा हुने देखिएको छ ।

नेपालको निर्यात व्यापार २०७८/७९ मा दुई खर्ब पुगेको थियो । २०७९/८० मा एक खर्ब ५७ अर्ब, २०८०/८१ मा एक खर्ब ५२ अर्ब कटेको थियो । २०८१/८२ मा दुई खर्ब ७७ करोडको निर्यात व्यापार भई गत वर्षको निर्यात व्यापार करिब ८२ प्रतिशतले बढेको तथ्याङ्क समाचारमा आए तर निर्यात दिगो हुनेमा भने सुनिश्चितता देखिँदैन । निर्यात व्यापारको बढी हिस्सा भटमासको तेल हुनु नेपालको निर्यात व्यापारको सुखद पक्ष मान्नु पर्छ । नेपालले भूपेरिवेष्टित र अल्प विकसित देशका कारण निर्यात व्यापारका लागि शून्य आयात शुल्क र सहुलियत भन्सार सुविधा पाएको थियो । अमेरिका र चीनसहित केही देशले केही वस्तुमा शून्य वा सहुलियत भन्सार सुविधा दिएका थिए । त्यो सुविधा उपयोगमा भने नेपालको कमजोर अवस्था देखियो । निर्यात हुने वस्तुको सम्भाव्य छनोट नहुनु, छनोटमा परेका वस्तु उत्पादनमा ध्यान नजानु, निर्यात सहज हुने वस्तु शून्य भन्सार सहुलियतमा नपर्नु एवं निर्यातका लागि व्यापार कूटनीति कमजोर देखिनु मुख्य समस्या रहेका छन् ।

अन्तर्राष्ट्रिय बजारमा अमेरिका निर्यात हुने वस्तुमा नेपाललाई १० प्रतिशत आयात शुल्क लिने व्यवस्थाले नेपाललाई निर्यात प्रोत्साहन हुन पुग्ने अनुमान गरिएको छ । छिमेकी देश चीनलाई ३५ र भारतलाई ५० प्रतिशतसहित बङ्गलादेश र कम्बोडियालाई पनि बढी आयात शुल्क लगाउने अमेरिकी नीतिले नेपालको निर्यात व्यापार बढोत्तरी हुने सम्भावना छ । छिमेकी देशको भन्दा कम शुल्कको सुविधाले छिमेकी देशका लगानीकर्ता नेपालमा लगानी गर्न आकर्षित हुने सम्भावना रहेको छ । अमेरिका निर्यात हुने वस्तुमा कम शुल्कका कारण प्रतिस्पर्धा गर्न सक्ने आधारले पनि लगानी गर्ने अवसर बढ्ने अनुमान गर्न सकिन्छ । अमेरिकाको आयात शुल्क दिगो हुने विषयमा भने स्पष्टता छैन । हालै भारतले जिएसटीको पाँचदेखि २८ प्रतिशत एवं विशेषमा ४० प्रतिशतसम्म दरलाई परिवर्तन गरी पाँचदेखि १८ प्रतिशत कायम गरेको छ । प्रस्तुत नयाँ व्यवस्थाले उपभोक्तालाई लाभ हुने तर छिमेकी देशको मालसमान सस्तो हुँदा आन्तरिक उत्पादनमा मूल्य घटेका कारण प्रतिस्पर्धा क्षमता ह्रास भई अर्थतन्त्रमा असर पर्न सक्ने अनुमान छ ।

नेपालले गत आवमा भटमासको तेल निर्यात हुनु कृषिप्रधान देशका लागि सुखद पक्ष हो । कृषिको प्रचुर सम्भावना भएको भटमासको उत्पादन बढाउन जरुरी छ । भटमासको तेलको उत्पादन र प्रशोधन एवं प्याकेजिङका कामले आर्थिक गतिविधि बढ्न गई रोजगारी वृद्धि हुने सम्भावना रहन्छ । राष्ट्रिय कृषि नीति तथा कार्यक्रममा भटमास खेतीमा जोड दिई उत्पादन बढाउन सरकारको सक्रियता हुनु पर्छ । नेपाल र चीनबिच भएको व्यापार सम्झौतामा नेपालबाट भैंसीको मासु निर्यात गर्ने अवसर उपयोगका लागि भैंसी फार्म सञ्चालन गर्न प्रोत्साहन गरी रोजगारीका अवसर र आयआर्जनका दिगो स्रोत बनाउन सकिन्छ । नेपालको तयारी पोसाक, गलैंचा, हस्तकलालगायतका सामानको अन्तर्राष्ट्रिय माग बढाउन वर्तमान अमेरिकी शुल्क नीतिको फाइदा लिन उपयुक्त निर्यात व्यापार रणनीतिको आवश्यकता छ । अन्य देशमा वस्तु व्यापार बढाउन व्यापार वार्ता एवं मेलामा सहभागी भई उत्पादित वस्तुको प्रवर्धन गर्नु पर्छ । विश्वको दोस्रो अर्थतन्त्र भएको चीन र पाँचौं अर्थतन्त्र भएको भारतसँग नेपालले व्यापार तथा पारवहन सम्झौताको अवसरको उपयोग गरी माग बढी र प्रतिस्पर्धा कम भएका वस्तु निर्यात गर्न उत्पादन बढाउन प्रयत्न गर्नु पर्छ ।

निर्यात व्यापार प्रवर्धन गर्न केही प्राविधिक विषयमा पनि ध्यान दिन आवश्यक छ । व्यापारमा देखिने गैरभन्सार अवरोधले पनि लागत बढ्न गई प्रतिस्पर्धा गर्ने क्षमता कमजोर बनाउँछ । ढुवानीमा हुने अवरोध, प्रशासनिक झन्झट, समय व्यवस्थापन जस्ता विषय व्यापार अवरोध गर्ने त□व हुन् । यी विषयमा सुधार नगरे निर्यात व्यापार खर्चिलो भई प्रतिस्पर्धा क्षमतामा ह्रास हुन जान्छ । भन्सार अवरोधका विभिन्न शुल्कका कारण वस्तु व्यापारको लागत बढ्न गई प्रतिस्पर्धामा ह्रास आई निर्यात व्यापार कमजोर हुन पुग्छ । छिमेकी मुलुक चीन र भारतको बजारसँग नेपालको उत्पादनलाई जोड्न नवीनतम सोचसहित प्रतिस्पर्धात्मक क्षमताको आधार बढाउने विषय ओझेलमा परेको छ ।

मूल्य लागत र गुणस्तरको सुनिश्चितता गरी छिमेकीसँगको व्यापार बढाउन सके दिगो प्रतिफल प्राप्त गर्न सकिन्छ । विश्व व्यापार सङ्गठन र अन्य क्षेत्रीय सङ्गठनसँगको व्यापार समझदारीको अक्षरशः पालना गर्ने र कृषि, खानी, सेवा क्षेत्र जन्य उत्पादनका अवसरको भरपुर उपयोग गरी निर्यात व्यापारको दिगो विकासमा राज्य निजी क्षेत्रसँगै लाग्नुपर्ने हुन्छ । व्यापार सूचना र प्रवर्धन गर्न वार्ता एवं निजी क्षेत्रको क्षमता विकास र सक्रियता बिनानिर्यात व्यापार बढाउन सकिँदैन । राज्यले यसका लागि अभिभावकीय भूमिकासहित सहजीकरण गरी अवरोध तथा चुनौती सामना गर्न आन्तरिक सुधारको खाँचो छ ।

निर्यात व्यापारका लागि व्यापार अवरोध नहुने वातावरण बनाउने, व्यापार पूर्वाधारका लगानी बढाउने, निर्यात बढाउन र आयात प्रतिस्थापन गर्ने वस्तुको उत्पादनका लागि निजी क्षेत्रको सक्रियता बढाई उत्साह ल्याउनु पर्छ । व्यापार कूटनीति प्रभावकारी र भूपरिवेष्टितलाई भूजडित बनाउने, अल्पविकसित देशको नैसर्गिक अधिकारको पक्षपोषण गर्ने र छिमेकी देशको आर्थिक विकासको फाइदा लिने जस्ता मह□वपूर्ण काममा राज्यको कडा मेहनतको खाँचो छ । अर्थतन्त्र बलियो बनाउन निर्यात व्यापारमा जोड दिने राष्ट्रिय नीति हुन पर्छ । व्यापार प्रवर्धन गर्न प्रत्यक्ष र परोक्ष रूपमा जिम्मेवारी एवं जवाफदेही बन्न निजी क्षेत्रको सक्रियता बढाउन आवश्यक छ ।

व्यापार कूटनीतिबाट लागत लाभसहित व्यापारका अवसरमा निजी क्षेत्रलाई जोड्न एवं लाभ लिन क्षमता वृद्धि गरी विश्व बजारको मागमा सहभागिता बढाउन नीतिगत सुधारको खाँचो छ । निर्यात व्यापार गत वर्षभन्दा करिब ८२ प्रतिशतले बढ्नु, कृषिप्रधान देश भएकाले भटमासको तेलको निर्यात बढी देखिनु तथा चीनसँग भैंसीको मासु निर्यात गर्ने अवसर प्राप्त हुनु, अमेरिकाले आयात शुल्क लगाउने रणनीतिमा नेपाल कम शुल्कको सूचीमा पर्नु, छिमेकी देशलाई बढी आयात शुल्क लगाउनु, शून्य र सहुलियत भन्सार सुविधा जस्ता निर्यात व्यापारका अवसर उपयोग गर्ने व्यापार नीति आवश्यक छ । निर्यात व्यापारका लागि सकारात्मक सोचको सरकारी संयन्त्र, प्रभावकारी व्यापार कूटनीति जस्ता विषयमा हाम्रो क्षमता बढाउन जरुरी छ । व्यापार घाटा बढ्दै जानु परनिर्भरता बढ्नु शासकीय व्यवस्थाका लागि चुनौती पनि हो । माग सिर्जना, गुणस्तरीय एवं प्रतिस्पर्धी उत्पादन, सहज आपूर्ति र दिगो व्यापार सम्बन्ध आजको आवश्यकता हो ।

आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्न हाल देखिएको निर्यात तथ्याङ्कले कृषि क्षेत्रको उत्पादनमा जोड दिन दबाब दिएको छ । भटमासको तेलको निर्यात बढी देखिनु र चीन सरकारसँग भैंसीको मासु निर्यात गर्ने अवसर प्राप्त हुनु कृषिप्रधान देशका लागि सुखद क्षण हो । अन्य उत्पादन तयारी पोसाक, गलैंचा, हस्तकलाका समानलगायतका नियातका वस्तुको प्रतिस्पर्धी क्षमता बढाउन लागत घटाई प्रभावकारी व्यापार वार्ता र सम्झौताका लागि व्यापार कूटनीति नतिजामुखी बनाउने, व्यापार प्रवर्धनका लागि मेला महोत्सवमा सहभागिता र उत्पादित वस्तुको सेभ गार्डमा सर्तक हुने काममा राज्यको सक्रियता आवश्यक छ । व्यापारको मुख्य भूमिकामा निजी क्षेत्र अग्रसर भई वस्तु व्यापारको विविधीकरण गरी आन्तरिक उत्पादनमा अब्बलता देखाइ लाभ लिनु पर्छ । छिमेकी देशको आर्थिक विकासको फाइदा लिन र अमेरिकाको आयात शुल्कको प्रभावको लाभ लिन रणनीतिक सक्रियता देखाउन आवश्यक छ । व्यापारमा अन्तर्राष्ट्रिय पहुँच बढाई दिगो निर्यात व्यापारमा ध्यान दिनु आजको आवश्यकता हो ।

# युवा बलिदानी र सेनाको सहजीकरण



• विनोद न्यौपाने

भदौ २३ र २४ (सेप्टेम्बर ८ र ९) गते नेपालमा जेनजी पुस्ताको आन्दोलनले नयाँ निकासको मार्ग प्रशस्त गरेको छ । २७ घण्टाको आन्दोलनमा व्यापक जनधनको क्षतिले देश तहसनहस भयो । ७३ जना युवालाई आमाबुवाको काखबाट चुँडेर लग्यो । इतिहासमै पहिलो पटक भएको यस किसिमको घटनाले दुई तिहाइको सरकार पनि ढल्यो । यो लोकतन्त्रका हिमायती दाबी गर्नेहरूबाट भएगरिएका गलत कार्यशैलीको परिणाम थियो । नेपाली सेनाको अग्रसरता, संयमता, संवाद शैली र छोटो समयको कठिन अभ्यासले आन्दोलन नियन्त्रणमा आयो । नवयुवाले पवित्र भावनासहित शान्तिपूर्ण उद्देश्यले सुरु गरेको आन्दोलन दुःखान्त घटनामा रूपान्तरण भयो । राष्ट्रको पहिचान झल्काउने धरोहर सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत धेरै संरचना जलेर नष्ट भए । भौतिक संरचनाभन्दा पनि मानवीय क्षतिले हरेक नेपालीको मन रोएको छ । यस्तो विषम परिस्थिति निम्तिनुको मूल कारण 'संवेदनहीन राजनीतिक नेतृत्व' नै हो भन्ने समीक्षा भइरहेको छ । यसलाई इतिहासले संगीन विश्लेषण गर्ने छ ।

युवाले थालेको आन्दोलन भ्रष्टाचारविरुद्ध सुशासनका पक्षमा थियो । कुनै दल वा व्यवस्थाको विरोधमा थिएन । देशलाई यति ठुलो मानवीय र भौतिक क्षति गराउने घुसपैठ समूह देशभक्त नभई आन्दोलनलाई अराजक बनाउने राष्ट्रद्रोही समूह थियो । हिंसात्मक आन्दोलनमा जो प्रयोग भएको छ, त्यो नेपाली हुन सक्दैन । कलिला युवाको ज्यान लिएर राष्ट्रको धरोहर नाश गर्ने शक्ति समूहको पहिचान गरी कानुनी दायरामा ल्याउनै पर्छ । युवाले समाजको भावना र समाजले पनि युवा आन्दोलनको अन्तर्य बुझ्न सक्यो भने अगाडिको यात्रा सुखद हुने छ ।

**सेनाको भूमिका**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले पछिल्लो पटक गरेका सर्वेक्षणका आधारमा देशमा सबैभन्दा बढी विश्वासिलो र भरपर्दो संस्था नेपाली सेनालाई मानिएको थियो । यसको पुष्टि नागरिक तहबाट व्यावहारिक रूपमै भएको छ, त्यो उसैको कर्मको फल हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा त्यसै पनि सेनाको छवि गर्बिलो छ । नवपुस्ताले थालेको शान्तिपूर्ण प्रदर्शन एकाएक हिंसामा परिणत भएपछि त्यसलाई नियन्त्रणमा लिन २७ घण्टा पर्खिनु पऱ्यो । प्रधानमन्त्रीले राजीनामा दिनुअघि राष्ट्रपतिसामु सङ्कटकाल घोषणाको सिफारिस गरेर सेनालाई जिम्मा दिइएको भए त्यति धेरै मानवीय क्षति हुने थिएन । भदौ २४ गते राति १० बजेबाट सेनाले कमान्ड लिएपछि हिंसात्मक आन्दोलन समाप्त भयो । सरकार नभएको स्थितिमा राजनीतिक सङ्क्रमण व्यवस्थापन गर्ने जिम्मा पनि सैनिक नेतृत्वले पायो । सेनाका लागि यो आजसम्मकै ऐतिहासिक र पहिलो जिम्मेवारी थियो ।

नेपाली सेनाको सहजीकरणमा जेनजीको भावनाबमोजिम गैरराजनीतिक व्यक्तिको नेतृत्वमा संवैधानिक मर्मअनुसार अन्तरिम प्रधानमन्त्री चयन गरिएको छ । सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भएपछि सेना आफ्नै भूमिकामा फर्किएको छ । सीमासँगै देशको आत्मा र लोकतान्त्रिक मूल्यको रक्षामा सेना दृढ छ । सुरक्षाव्यवस्थामा चुनौती आए ऊ फेरि सरकारको निर्देशनमा देश र जनताको रक्षार्थ तैनाथ हुने नै छ ।

सैनिक नेतृत्वको प्रशंसा भइरहँदा अनेकन प्रश्न पनि उठे/उठाइयो । सेनाले मुख्यालयको नजिकै रहेका सिंहदरबार, सर्वोच्च अदालत र संसद् भवन किन जोगाउन सकेन ? हो, प्रश्न स्वाभाविक छ । प्रश्न गर्न सजिलो हुन्छ । संविधान र कानुनको अक्षरशः पालना गर्ने कुरा कठिन छ । संविधानको पालना र कानुनी शासनका पक्षमा शपथ खाएको नेपाली सेनाले जथाभाबी गोली चलाउने आदेश कसरी दिन सक्छ ? दुई तिहाइको लोकतान्त्रिक सरकार विधिको शासन, सामाजिक न्यायको प्रत्याभूति, संविधान र कानुन पालना गरेर नागरिकप्रति जवाफदेही भएको भए यस्तो परिस्थिति उत्पन्न हुँदैनथ्यो । सेनाले पनि यस्तो प्रश्न सोध्न सक्थ्यो तर सोध्न चाहेको देखिएन, किनकि ऊ पनि सरकारकै निर्देशनमा चल्ने एउटा प्रमुख सुरक्षा अङ्ग मात्र हो । सेनाको प्रकृति नै आदेश पालना गर्ने हो, हिंसा भड्कियो भनेर जथाभाबी मासमा गोली चलाउने उसको प्रकृति होइन । सेनाले सिंहदरबार, अदालत र संसद् भवन आगलागी हुनबाट जोगाउन चाहेको भए नरसंहारको स्थिति आउन पनि सक्थ्यो । धेरै युवाको ज्यान जोखिममा पर्थ्यो । भौतिक संरचना भन्दा 'मानवीय मूल्य' महत्वपूर्ण हुन्छ भन्ने सन्देश सेनाले दिएको छ । भवन बनाउन सकिन्छ, मानवीय मूल्यको क्षतिपूर्ति कसरी गर्ने ?

सेनाले भौतिक संरचना जोगाउन लागेको भए ठुलो संख्यामा मानवीय क्षति हुन्थ्यो । भारत र चीन जस्ता विशाल छिमेकीको बिचमा भड्किएको हिंसा जटिल बन्न सक्थ्यो । त्यसैलाई आधार बनाएर अन्तर ाष्ट्रिय शक्तिले खेल्ने मैदान बन्न सक्थ्यो । भूराजनीतिक कारणले नेपालमाथि धेरैले आँखा लगाएको अवस्था छ । सेनाको भूमिकाले अन्तर्राष्ट्रिय शक्तिलाई नेपालमा आँखा लगाउनबाट जोगाएको छ । राष्ट्रिय हितलाई केन्द्रमा राखेर निर्णय गर्ने शक्ति र क्षमता नेपाली सेनासँग छ भन्ने सन्देश पनि यसले दिएको छ ।

हिजो सेनाको संख्या घटाउनु पर्छ, किन चाहियो यति धेरै ? चीन र भारतसँग लड्नभिड्न सक्छ र ? भनेर प्रश्न गर्नेहरूले बुझे होलान्; सेना किन र केका लागि आवश्यक रहेछ ? देश अप्ठेरो अवस्थामा रहेका बेला आफ्नो उपयोगिता सिद्ध गर्ने हो; जो सेनाले अहिले गरेर देखाएको छ । अब नेपाली नागरिकको निराशामा कोही कसैले खेल्न नपाओस् भन्ने सजगता अपनाउने जिम्मेवारी सरकारको कूटनीतिक कौशलतामा भर पर्छ । अहिलेका लागि आमनेपालीबिचको सामूहिक एकता र सचेतता पहिलो दायित्व हो ।

अनेक भ्रम फैलाउने प्रयास भयो । राष्ट्रपति र सेनाबिच खटपट भयो । सेनाले राष्ट्रपतिलाई नियन्त्रणमा राखेर राजा ल्याउने अभ्यास गऱ्यो । आफैँले सत्ता लिन खोजेको छ भन्ने जस्ता भ्रम असत्य भए । शान्तिपूर्ण रूपमा जसले जसलाई जे भन्न पनि पाइयो । लोकतन्त्रले सबैलाई दिएको अधिकार भनेकै यही हो तर सँगसँगै सत्यको पक्षमा पनि वकालत गर्छ । लोकतन्त्रले भ्रम फैलाउने छुट दिँदैन ।

जेनजीका प्रतिनिधिहरूबिच बहस/छलफलको सहजीकरण गर्ने जिम्मेवारी सेनाले राष्ट्रपतिबाटै पाएको हो, उसले आफैँ लिएको होइन । आफ्नो भूमिकामा सफल भयो, सबै सुरक्षा निकायको साथ र सहयोगमा । सेनाले जस लिन पनि खोजेको छैन, देशमा अमनचैन कायम हुँदा ऊ पनि खुसी हुन्छ । हरेक अप्ठेरा परिस्थितिमा सधैँ देश र नागरिकलाई केन्द्रमा राखेर आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । ऊ सधैँ नागरिक जनादेशको म्यान्डेटलाई आधार मान्छ । आफ्नो भूमिकाकै कारण सेना सबैको विश्वासिलो संस्था बनेको यथार्थबारे विश्लेषण भइरहेको छ ।

**सार्वभौम पहिचान र हाम्रा सम्पदा**

संसारले पनि नेपाली नेपाली लडेभिडेको हेर्न चाहेको छैन । अहिलेका लागि देश सङ्कट र शून्यताबाट मुक्त भएको छ, फेरि यस्तो परिस्थिति उत्पन्न हुन नदिने जिम्मेवारी हामी सबैको हो । नेपाललाई सार्वभौम मुलुकको अस्तित्वबाट कसैले खोस्न नसकोस् भन्नेतर्फ हामी सचेत हुनु पर्छ । स्वतन्त्र राष्ट्रको पहिचान विश्वका थोरै मुलुकले मात्र पाएका छन्, नेपाल त्यसैभित्र पर्छ भनिरहँदा पाउँदा प्रत्येक नेपालीको छाती गर्वले फराकिलो हुन्छ । ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदा देशका साझा सम्पत्ति हुन् । यी सम्पत्तिको उपयोग भावी पुस्ताले पनि गर्छ । हामीले त्यसको संरक्षण गरेर राख्नु पर्छ । समाज र नागरिकलाई एकीकृत गराउने काम तिनै सम्पदाले गर्ने हो । राज्यको सम्पत्ति संरक्षण गर्ने दायित्व सबैको हुन्छ । विद्यमानमा उत्पन्न परिस्थिति विद्यालय शिक्षाबाट इतिहास, नैतिक, नेपाल परिचय र संस्कृति शिक्षा हटाउनुको परिणाम हो । नयाँ पुस्तालाई देशको इतिहास पढाउनै पर्छ; अनि मात्रै सभ्यता, संस्कार, संस्कृति र मेलमिलापबारे थाहा हुन्छ । सिंहदरबार देशको पहिचान हो भनेर पढेको विद्यार्थीले त्यहाँ गएर आगो लगाउन सक्दैन । अङ्ग्रेजी शिक्षा पढाएर नेपाली संस्कारको अपेक्षा गर्न सकिन्न ।

इतिहास, सभ्यता, संस्कृति, संस्कार राष्ट्रिय एकताका अभिन्न अङ्ग हुन् । राष्ट्रिय एकता पनि यसैले कायम गराउँछ । राष्ट्रिय सङ्कटको समाधान मिलेरै खोज्नु पर्छ । हामीले विगतबाट सिक्नु पर्छ, वर्तमानलाई सच्याउनु पर्छ र भविष्य रच्नु पर्छ । हामी सबैको साझा सङ्कल्पबाट मात्रै देशलाई स्थिर, समृद्ध र गौरवशाली बनाउन सकिन्छ । एकताको शक्ति सबैभन्दा बलियो हुन्छ । कलिला युवाको बलिदानीबाट प्राप्त दुःखद अवसरलाई हामी सबै मिलेर नयाँ नेपाल निर्माणको अभियानमा रूपान्तरण गरौँ ।

**अबको बाटो**

विगतका सरकार नागरिकप्रति जवाफदेही नबन्दा देशले धेरै दुःख पायो । नयाँ सरकार नागरिकप्रति जवाफदेही, पारदर्शी र उत्तरदायी भएर प्रस्तुत हुनु पर्छ । सरकार सबैको अभिभावक हो । अब निषेधको राजनीति कसैले पनि गर्नु हुन्न । प्रधानमन्त्री कार्कीले पारदर्शिता र शुद्धतालाई सरकारको विशेषता बनाउनुभएकाले सबै आशावादी देखिएका छन् । उहाँमा कुनै स्वार्थ र लोभलालच देखिँदैन । उहाँमा नेपाल बनाउने हुटहुटी देखिन्छ । विगतका गल्ती कमजोरीबाट पाठ सिकेर भ्रष्टाचाररहित समाज निर्माणको

❖ बाँकी तेस्रो पृष्ठमा

# जेनजी आन्दोलनमा त्रिविको 'उत्तरपुस्तिका' जल्यो, पाँच वटा भवनमा क्षति

काठमाडौं : सामाजिक सञ्जाल बन्द र भ्रष्टाचारविरूद्ध भएको ‘जेनजी’ आन्दोलनमा ठूलो मानवीय,सार्वजनिक र निजी सम्पति क्षतिसँगै उत्तरपुस्तिका समेत जलेको छ। जसकारण परीक्षार्थीहरू यतिखेर तनावमा परेका छन्। उनीहरूको मिहिनेत खरानी बनेको छ।



भदौ २४ गते भएको जेनजी आन्दोलनको क्रममा भएको आगजनीका कारण त्रिभुवन विश्वविद्यालय(त्रिवि) स्नातक दोस्रो वर्ष आंशिक(मानविकी र शिक्षा शास्त्र) संकायको परीक्षा उत्तरपुस्तिका जलेर नष्ट भएको छ। काभ्रे बहुमुखी क्याम्पस बनेपा परीक्षा केन्द्रमा सम्पन्न परीक्षाको उत्तरपुस्तिका इलाका प्रहरी कार्यालय बनेपा आगजनी हुँदा जलेको हो।

काभ्रे बहुमुखी क्याम्पसका अध्यक्ष लम्बधर कायस्थका अनुसार भदौ २२ र २३ गते भएको परीक्षा सम्पन्न गरेपछि सुरक्षाको लागि इलाका प्रहरी कार्यालय बनेपामा राखिएको थियो। परीक्षा सकिएपछि सुरक्षित ढंगले उत्तरपुस्तिका त्रिविमा लाने तयारी थियो। तर आगजनी भएर जलेको उनले जानकारी दिए।

स्नातकोत्तर लगायत अन्य तहको परीक्षा उत्तरपुस्तिका भने सुरक्षित रहेको उनले जानकारी दिए।

उनका अनुसार मानविकी र शिक्षा शास्त्र संकायको परीक्षा दिएका करिब ३ सय जना विद्यार्थीहरूको उत्तरपुस्तिका जलेको छ।

काभ्रे बहुमुखी क्याम्पस उपाध्यक्ष मोहन दुवालले पनि परीक्षा उत्तरपुस्तिका सुरक्षाको लागि इलाका प्रहरी कार्यालय बनेपामा राखिँदा आगजनी भएर जलेर नष्ट भएको जानकारी दिए। ‘प्रहरी कार्यालय बनेपा आगजनी हुँदा सबै उत्तरपुस्तिका पनि जलेछ,’उनले भने।

इलाका प्रहरी कार्यालय बनेपाका प्रहरी नायव उपरीक्षक एवं सूचना अधिकारी मीन बहादुर घलेले पनि उत्तरपुस्तिका जलेर नष्ट भएको पुष्टि गरे। ‘आन्दोलनकारीले इलाका प्रहरी कार्यालय बनेपामा आगजनी गर्दा सबै उत्तरपुस्तिका पनि जल्यो,’उनले भने।

उनका अनुसार आगजनीसँगै लुटपाट पनि भएको छ। त्यसो त जिल्ला प्रहरी कार्यालयले नेपाल प्रहरी लगायत अन्य सुरक्षा निकायका हातहतियार गोलीगट्ठा, सञ्चार साधन, असबाब, प्रहरी पोशाक र अन्य भौतिक साधनहरू प्रहरी कार्यालयहरूबाट लिई गएको हुँदा कोही कसैसँग साथमा भए वा फेला परे उक्त हातहतियार लगायतका सामाग्रीहरू नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा बुझाउन आग्रह गरेको छ।

यतिखेर त्यहाँ सरसफाइको काम भइरहेको उनले जानकारी दिए।

❖ बाँकी पृष्ठ ४ मा

# पाथीभरामा भदौ महिनामा दश लाख भेटी संकलन



झापा(प्रस)।ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा (मुक्कुमलुङ) मा भदौ महिनामा करिव दश लाख रुपियाँ भेटी रकम सङ्कलन भएको छ।

पाथीभरा क्षेत्र विकास समितिका अनुसार एक महिनाको अवधि अर्थात भदौमा उक्त भेटी रकम सङ्कलन भएको हो।

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङ्बाङले सार्वजनिक गरेको विवरण अनुसार भदौ महिनामा कुल नौ लाख ९७ हजार रुपियाँ भेटी रकम सङ्कलन भएको छ। पाथीभरा दर्शनमा आउने भक्तजनले दान गरेका र भेटीबापत चढाएको रकम समितिले सङ्कलन गर्ने गरेको छ।

पाथीभरामा सङ्कलन हुने भेटी रकम समितिले प्रत्येक महिना सार्वजनिक गर्ने गरेको छ। यसअघि साउन महिनामा १० लाख ३९ हजार रुपियाँ सङ्कलन भएको थियो। यस्तै भदौ महिनामा चार हजार ५०३ जना भक्तजनले पाथीभराको दर्शन गरेको समितिले जनाएको छ। पाथीभरा दर्शन गर्न नेपालका विभिन्न जिल्ला र छिमेकी देश भारतको सिक्किम, दार्जिलिङ, पश्चिम बङ्गाल लगायतका ठाउँबाट भक्तजन आउने गरेको पनि समितिले जनाएको छ।

# विध्वंसात्मक क्रियाकलापको गम्भीर छानबिन हुन्छ : गृहमन्त्री अर्याल

झापा(प्रस) ।अन्तरिम सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालले जेनजी प्रदर्शनको क्रममा भएको विध्वंसात्मक क्रियाकलापलाई गम्भीर रूपमा अनुसन्धान गरेर कानुनी दायरामा ल्याइने बताएका छन् । बिहीबार प्रहरी प्रधान कार्यालयमा पुगेर देशभरका युनिट प्रमुखहरूलाई भर्चुअल ब्रिफिङ गर्दै अर्यालले भने- ‘विध्वंसात्मक क्रियाकलापलाई गम्भीर रूपमा अनुसन्धान गरी कानुनी दायरामा ल्याइने विश्वास दिलाउन चाहन्छु ।’



छानबिन र अनुसन्धान जाँचबुझ आयोग गठन भएपछि हुने र आयोगको निष्कर्ष अन्तिम हुने अर्यालले बताए । उनले भने- ‘जेनजीले गरेको सुरुवात भ्रष्टाचार विरुद्ध थियो, हिंसात्मक गर्ने थिएन ।’

देशभरका करिब ३ सय युनिटका इन्चार्जहरूलाई निर्देशन सम्बोधन गर्दै गृहमन्त्री अर्यालले प्रदर्शनमा घुसपैठ भएको बताए । उनले भने- ‘आन्दोलन कुशासन र भ्रष्टाचारको विरुद्धमा थियो तर, त्यसमा स्वार्थ पुरा गर्ने उद्देश्यले घुसपैठ भएको कुरा सामाजिक सञ्जालमा आएका भिडियो र क्रियाकलापले पुष्टि गरेको देखिन्छ ।’

आन्दोलन अवधिमा प्रहरीको संरचनामा गम्भीर प्रहार भएको उल्लेख गर्दै अर्यालले प्रहरीले प्रदर्शन गरेको संयमताको उच्च प्रशंसा गरे । प्रदर्शनमा अकल्पनीय क्षति हुनसक्ने पूर्व सूचना किन आएन भनेर गृहमन्त्रीले प्रहरी अधिकृतहरूलाई प्रश्न गरेका छन् । उनले भने- ‘हामीले गम्भीर रूपमा सोच्नुपर्ने अवस्था छ, पूर्व सूचना किन पाइएन ? पूर्वसूचनाको कमीले अकल्पनीय क्षति भयो ।’ प्रहरीको अनुपस्थिति र कमजोर उपस्थितिले समाजमा अराजकता मैलाउने अवस्था आउने उनले बताए ।

उनले भने- ‘ कर्तव्य पालना कानुन बमोजिम गर्नुभएको छ, त्यतिबेलाको अवस्थालाई लिएर मनोबल गिराउनुपर्ने वा भय लिनुपर्ने अवस्था छैन ।’ भदौ २३ र २४ मा भएको प्रदर्शनमा आधिकारिक निकायले कमजोरी औंल्याएमा सुधार गर्नुपर्ने गृहमन्त्री अर्यालको भनाई छ ।

उनले भने- ‘आन्दोलनको मर्मलाई केन्द्रमा राख्नुपर्छ, आदर्श राष्ट्रको परिकल्पना प्रहरीको पनि हो ।’ नयाँ बानेश्वरमा प्रदर्शनकारीमाथि भएको बल प्रयोगबारे पनि छानबिन हुने अर्यालको भनाई छ । उनले भनेका छन्- ‘कमजोरी छानबिन हुनेछ, गोली चलाउनुपर्ने अवस्था आउनु राम्रो होइन ।’

गोली चलाउनुअघि नै मानवीय क्षति नहुने गरी बल प्रयोग गरेर भिड नियन्त्रण हुनुपर्नेमा इक्विपमेन्ट नै नभएको जानकारी पाउँदा असहज लागेको उनले बताए । उनले भने- ‘परिस्थितिले जस्टिफाइ हुने बाहेक बल प्रयोग गर्नु हुँदैन ।’

# बीमा कम्पनीहरूमा करिब २१ अर्बको बिमा दाबी

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा विभिन्न सरकार तथा निजी सम्पत्तिमा भएको लुटपाट, तोडफोड र आगजनीपछि बीमा कम्पनीहरूमा बीमा दाबी पर्न थालेको छ । नेपाल बीमा प्राधिकरणका अनुसार विभिन्न इन्स्योरेन्स




कम्पनीहरूमा २० अर्ब ७० करोड ३८ लाख १४ हजार ४८२ रुपैयाँको बीमा दाबी परेको छ ।भदौ ३१ गतेसम्म १ हजार ९ सय ८४ वटा बीमा दाबी परेको प्राधिकरणले जनाएको छ ।

आन्दोलनका कारण भएको क्षतिमा सबैभन्दा बढी बीमा दाबी द ओरियन्टल इन्स्योरेन्स कम्पनीमा परेको छ । पाँच तारे होटल हिल्टनको बीमा समेत यसै कम्पनीमा परेको छ । त्यस्तै सिद्धार्थ प्रिमियर र शिखर इन्स्योरेन्समा पनि दाबी परेको थियो । शिखर इन्स्योरेन्समा ३ सय ६६ वटा बीमा दाबी परेको छ ।

# दसैंका लागि टिकट दुई दिनअघि पाइने

झापा(प्रस) । यातायात व्यवसायीले दसैंका लागि यस वर्ष अग्रिम टिकट बुकिङ नखोल्ने बताएका छन् । यस वर्ष विभिन्न समस्या देखाउँदै व्यवसायीहरूले लामो दूरीका टिकट अग्रिम बुकिङ नखोल्ने निर्णय गरेका हुन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाका अनुसार यात्रुहरूले १ वा २ दिनअघि मात्रै टिकट लिन पाउनेछन् ।

यात्रुहरूका लागि आवश्यक सवारीसाधनको व्यवस्थापनमा महासंघ लागेको र चाडपर्व नजिक हुँदा सवारीसाधन अभाव हुन नदिने सिटौलाले जानकारी दिए । उनी भन्छन्, जसलाई जतिबेला मिल्छ, उतिबेलै टिकट पाइएपछि किन अग्रिम टिकट खुल्ला गर्नुपर्‍यो र ? टिकटको अभाव नै हुन दिन्नौं ।



यातायात व्यवस्था विभागमा भएको सर्वपक्षीय बैठकमा सरोकारवालाले यातायात सेवाको सम्पूर्ण तयारी भएको बताएका थिए । यातायात व्यवस्था विभागले चाडपर्वलाई मध्यनजर गर्दै यातायात सेवालाई प्रभावकारी बनाउनका लागि सबै तयारी भएको जनाएको छ । विभागका महानिर्देशक राजीव पोखरेलले चाडपर्वमा सुरक्षित यात्रा गराउनका लागि विभागका तर्फबाट सबै तयारी भएको जानकारी दिए । उनले सडक क्षेत्रको सुशासन कायम गरेर यात्रुहरूलाई सुरक्षित साथ गन्तव्यतर्फ पुर्‍याउनका लागि सबै निकायबीच सहकार्य जरुरी रहेको उल्लेख गरे ।

चाडपर्वमा समयमा सडक अवरुद्ध हुन नदिन ठाउँठाउँमा सडक विभागसँगको सहकार्यमा डोजरलगायतको व्यवस्था गरिने उनले बताए । पोखरेलले भाडा दरलाई पारदर्शी बनाउन यात्रु सहायता कक्षलगायत विभिन्न स्थानमा भाडा दरको बोर्ड राखिने उल्लेख गरे ।

महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले पछिल्लो तीन दिनमा करिब ४ लाख यात्रुले उपत्यका छाडेको जानकारी दिएका थिए । यसअघिका वर्षमा घटस्थापनादेखि फूलपातीसम्म अत्यधिक चाप देखिए पनि यस वर्ष अहिलेदेखि नै यात्रुको चाप बढेको उनले बताए । सिटौलाले यात्रुहरूलाई सेवा दिन यातायात व्यवसायीहरू तयार रहेको भन्दै सरकारका निकायहरू पनि सेवाका लागि तयार रहनुपर्ने बताए ।

त्यस्तै, यातायात व्यवसायीहरूले अहिलेको विषम परिस्थितिमा भाडादर वृद्धि नहुने र सेवामा ध्यान केन्द्रित गर्ने प्रतिबद्धता जनाएका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले अग्रिम टिकट खुला गर्ने भन्दा पनि सवारीसाधनको उपलब्धताका आधारमा टिकट काटिने बताए । स्वाँर भन्छन्, अग्रिम टिकट खोल्नुपर्ने अवस्था छैन, यात्रुले यात्रा गर्नुभन्दा केही दिनअघि नै टिकट लिन सक्नेछन् । लोकल गाडीसमेत म्यानेज गरेर पठाउने तयारी गरिएको छ ।

# आगजनी भएका मन्त्रालयको बाहिरी भागमा रंगरोगन सुरु

झापा(प्रस) । जेनजी युवा आन्दोलनको क्रममा आगजनी गरिएको सिंहदरबार परिसरभित्रका मन्त्रालयमा रंगरोगन सुरु गरिएको छ । आगो र धुवाँले कालो देखिएका मन्त्रालयको बाहिरी भागमा रंगरोगन सुरु गरिएको हो ।

यसैक्रममा बिहीवार बिहानदेखि अर्थ मन्त्रालयमा सेतो रंग लगाउने क्रम जारी छ । मजदुरहरुले बाँसको अग्लो भऱ्याङ बनाएर रंग लगाइरहेका छन् । भित्री भागको काम भने पछि गर्ने योजना सरकारको छ ।



आइतबार सिंहदरबार क्षेत्रभित्रका क्षतिग्रस्त भवनहरुको अवलोकन गर्दै मन्त्री कुलमान घिसिङले भनेका थिए, ‘कार्यालयलाई थोत्रो देखाएर राख्नु भएन, भित्री काम गदैं गरौंला तर बाहिरी भाग चिटिक्क बनाएर राख्नु पर्यो, क्षति पुगेका सवारी साधन सिंहदरबार परिसरमा यत्रतत्र छरिएर कुरुप देखिएको छ, तिनीहरुलाई तत्काल हटाएर व्यवस्थापन गर्नुपर्छ, यसबाट हामी उठ्यौं भन्ने सन्देश जान्छ ।’

सरकारले जेनजी युवाको प्रदर्शनको क्रममा क्षति भएका भवन मर्मत तथा पुनर्निर्माणका लागि ‘ हाम्रा संरचना हामी आफैं बनाऔं’ अभियान चलाउने जनाएको छ । सरकार, स्वदेश तथा विदेशमा रहेका नेपालीबाट सहयोग संकलन गरी पुनर्निर्माण सुरु गर्ने सरकारको योजना छ ।

# दोब्बरले बढ्यो पर्वतारोहण राजस्व

झापा(प्रस) ।सरकारले हिमाल आरोहणका लागि लिँदै आएको सलामी दस्तुर (आरोहण अनुमति शुल्क) बढाएपछि राजस्व सङ्कलन दोब्बरले वृद्धि भएको छ । पर्यटन विभागका अनुसार सरकारले सगरमाथासहितका हिमाल आरोहण गर्न नयाँ शुल्क लागु गरेको १५ दिनभित्रै विगतका वर्षभन्दा सलामी दस्तुर दोब्बरले बढेको हो ।



विभागका निर्देशक हिमाल गौतमले भने, “सरकारले गत भदौ १६ गतेदेखि हिमालको उचाइ अनुसार पर्वतारोहण शुल्क परिवर्तन गरेको छ । ऋतु अनुसार आरोहण शुल्क बढे पनि शरद् ऋतुमा भने विभिन्न हिमाल आरोहण गर्ने आरोही र सलामी शुल्क दोब्बरले बढेको देखिन्छ ।”

उनका अनुसार सन् २०२४ को शरद् ऋतुमा विभिन्न हिमाल आरोहण गर्न १५८ समूहका एक हजार २८० जनाले अनुमति लिएका थिए । उक्त अनुमतिबाट सात करोड ६३ लाख रुपियाँ र त्यसअघि सन् २०२३ मा १७० समूहका एक हजार ३२६ आरोहीले सात लाख ८१ हजार रुपियाँ सलामी दस्तुर बुझाएका थिए । यस वर्ष भने आरोहण अनुमति लिने क्रम जारी रहँदा ४९ समूहबाट १६ करोड रुपियाँभन्दा बढी सलामी दस्तुर सङ्कलन भइसकेको उनले जानकारी दिए । उनका अनुसार सन् २०२५ को शरद् ऋतुमा आरोहण गर्न हालसम्म ३९२ जना पुरुष र १११ जना महिला गरी ४६३ जनाले आरोहण अनुमति लिएका छन् । उक्त अनुमतिबाट १६ करोड ८७ लाख ४६ हजार ७६५ रुपियाँ सरकारी कोषमा दाखिल भएको छ । शरद् ऋतुमा मनासलु आरोहणका लागि बढी आकर्षण हुने गरेको छ । मनासलु आरोहण गर्न मात्रै यस याममा ३७४ जनाले अनुमति लिएका छन् ।

## युवा...

योजना सङ्कल्पका रूपमा आउनु पर्छ । राजनीतिक दल, मिडिया, बौद्धिक समूह, प्रशासन, निजी क्षेत्रलगायत सबैले त्यो सङ्कल्पलाई सार्थक बनाउन हातेमालो गरौँ । मिडियाले पनि कसैको देवत्वकरण र दानवीकरण गर्ने पुरानो शैली छाड्नु पर्छ । सबैले आआफ्ना ठाउँबाट कानुन हातमा लिएर होइन, पालना गरेर अघि बढ्ने हो भने देशलाई दिगो स्थायित्वतर्फ लैजान सकिन्छ । यो कसैले कसैको विरोध गर्ने बेला होइन, पछाडि फर्किने पनि होइन । देश राजनीतिक दल, व्यवस्था र व्यक्तिभन्दा धेरै माथि हुन्छ । भावी पुस्ताका लागि सग्लो नेपाल हस्तान्तरण गर्ने अभिभारा हामी सबैको हो । युवापुस्ताको सुझावलाई अटेरी गर्दा आजको परिस्थिति उत्पन्न भएको ज्ञान दलहरूलाई भएकै होला । नागरिकसामु क्षमायाचनासहित उपस्थित हुन पनि नयाँ युवा नेतृत्व र नीतिसहित पुनर्गठित हुनु आवश्यक छ । इतिहासमै भिन्न र अराजक शैलीबाट आएको परिवर्तनले हामीलाई ऐतिहासिक बन्ने अभिभारा पो दिएको छ कि ! फागुन २१ का लागि तोकिएको निर्वाचन सफल बनाउन सबैले आआफ्ना ठाउँबाट सहयोग गर्नु पर्छ । समयको गति र युवा भावनाको सम्बोधन गर्न नसके लोकतन्त्र मात्रै होइन, दलीय राजनीतिले पनि विश्राम लिन सक्छ; देश अन्धकारतिरको यात्रामा जान सक्छ । यहाँनेर राष्ट्रकवि माधव घिमिरेको स्मरण भयो- नेपाली हामी रहौँला कहाँ नेपालै नरहे !!


सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ